आज मिति २०७५साल पौष ०४ गते मुड्केचुला गाँउपालिकाका अध्यक्ष श्री दत्त बहादुर शाहीको अध्यक्षता तथा तपसिलमा उल्लेखित पदाधिकारीहरुज्यूको उपस्थितिमा यस गाँउपालिकाको पाँचौ गाँउसभाको बन्दसत्रको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री दत्त बहादुर शाही | गा .पा .अध्यक्ष |
| श्री सविता कुमारी रोकाया | गा .पा. उपाध्यक्ष |
| श्री धर्मराज न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत |
| श्री भानुभक्त बोहोरा | वडा नं. १ अध्यक्ष |
| श्री धन बहादुर सार्की | वडा नं २ अध्यक्ष |
| श्री विष्णु बुढा | वडा नं ३ अध्यक्ष |
| श्री जगवहादुर बुढा | वडा नं. ४ अध्यक्ष |
| श्री रविन्द्र बहादुर शाही | वडा नं. ५ अध्यक्ष |
| श्री हस्त बहादुर शाही | वडा नं. ६ अध्यक्ष |
| श्री गौरी बुढा | वडा नं. ७ अध्यक्ष |
| श्री मन बहादुर रोकाय | वडा नं.८ अध्यक्ष |
| श्री जय प्रसाद बुढा | वडा नं.९ अध्यक्ष |
| श्री राम कुमार नेपाली | मनोनित सदस्य |
| श्री गोपाल वि क | मनोनित सदस्य |
| श्री अजमती बोहोरा | महिला सदस्य |
| श्री धन कुमारी बुढा | महिला सदस्य |
| श्री लक्ष्मी बुढा | महिला सदस्य |
| श्री नन्द कुमारी शाही | महिला सदस्य |
| श्री धन ब रोकाया | वडा नं. ८ सदस्य |
| श्री जयकली बुढा | " " |
| श्री पन्चरुपा बुढा | वडा नं ८ महिला सदस्य |
| श्री मनलाल सार्की | वडा नं ८ महि सदस्य |
| श्री नर बुढा | वडा नं ७ सदस्य |
| श्री धन ब. कामी | वडा नं ७ द.पु सदस्य |
| श्री बिष्णु परियार | वडा नं ७ द.म.सदस्य |
| श्री हजारी रोकाया | वडा नं ७ म.सदस्य |

श्री धन सरी बि.क. वडा नं २
श्री देव ब. परियार वडा नं २
श्री सरुने सार्की वडा नं २
श्री मोहनविर शाही वडा नं ५
श्री ज्ञान ब. शाही वडा नं ५
श्री कौसिला बि.क. वडा नं ६ द.म.सदस्य
श्री पुस्पराज शाही वडा नं ६
श्री मुन लाल बुढा वडा नं ६
श्री चाउरे बुढा वडा नं ९
श्री लालजित बुढा वडा नं ९
श्री दुधकली दमाई वडा नं ९
श्री देविराम बुढा मगर वडा नं ४ सदस्य
श्री जुनकलि बि.क. वडा नं ४ द.म.सदस्य
श्री काली रोकाया वडा नं ४ म.सदस्य
श्री शिव ब. शाही वडा नं ३
श्री कमल ब. शाही वडा नं ३
श्री जनक ब. शाही वडा नं १ पु. सदस्य
श्री दिपक रोकाया वडा नं ४ पु.सदस्य
श्री बिष्णु शाही वडा नं १ म. सदस्य
श्री धुपकुमारी बि.क. वडा नं १ द.म. सदस्य
श्री बासु सार्की वडा नं ३ द.म. सदस्य
श्री पचाउली शाही वडा नं ३ म.सदस्य

प्रस्तावहरु :

१ विभिन्न मितिमा गाउँकार्यपालिकाले स्वीकृत गरी सभासमक्ष पेश गरेका योजनाहरु पारित गर्ने ।

२. आ.व.२०७४।०७५ को व्यवस्थापकीय,सामाजिक विकास,पुर्वाधार विकास,आर्थिक विकास, प्रशासकीय व्यवस्थापन सम्बन्धी गाँउ कार्यपालिकाले विश्लेषण गरी सभासमक्ष पेश गरेका निर्णयहरुलाई पारित गर्ने ।

निर्णय नं.१ नागरिकता सहितको टोलीको व्यवस्थापनका लागि गत बर्षको पुजिगत अल्या रकमबाट विनियोजन हुने गरी रु ५०००००।०० पाँचलाख मात्र छुट्याउने निर्णय पारित गरियो ।

**निर्णय नं. २** का सम्बन्धमा छलफल गर्दा वडा नं.१मा २० वटा वडा नं.२ मा १५ वटा वडा नं.३ मा १५ वटा वडा नं ४ मा १८ वडा नं. ५ मा २० वटा वडा नं.६ मा २५ वटा , वडा नं.७ मा २९ वटा वडा नं.८ मा २९ वडा नं. ९ मा २२ वटा का दरले वितरण गर्ने र निज कृषकबाट खरिद मुल्यको २५ प्रतिशत मुल्य लिई मात्र वितरण गर्ने र उक्त रकम वडाध्यक्षले शिफारिश गर्दा उठाई सिफारिश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३** का सम्बन्धमा छलफल गर्दा वर्थिगं सेन्टर कालिकामा मुड्केचुला वडा न.२ निवासी मनसरी परियार वर्थिगं सेन्टर राजिगुम्दाको लागि मुड्केचुला वडा ६ निवासी माया शाही र वडा नं. ५ निवासी जुनी शाहीलाई करार सम्झौता गरी स्वास्थ्य कार्यक्रम अन्तरगत सुइपर पदमा नियूक्त गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४** मा छलफल गर्दा हालको लागि काशिलखोला जलविद्युत आयोजनाका लागि छुट्याइएको क्रमागत रकम रु १०००००.०० दश लाख रुपैया पेश्कीको रुपमा दिने र उक्त विनियोजन भएको रकम बमोजिमको कार्य सम्पन्न भए पछि रु २६६७०००.०० रकम कार्य सम्पादन भई सकेपछि गत आ.व. को अल्या पुजीगत रकमबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं.५** का सम्वन्धमा छलफल गर्दा राष्ट्रिय बाणिज्य बैक इल शाखाको सुरक्षा संवेदनशिलतालाई ध्यानमा राखी घेरवारका लागि रु २०००००.०० रकम गत अल्या रकमबाट विनियोजित गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ६** का सम्बन्धमा छलफल गर्दा इल प्रहरी चौकी मरमत संभारका लागि रु २०००००.०० दुई लाख मात्र गत आ.व.को पुजीगत रकमबाट विनियोजित गर्ने निर्णय पारित गरियो

**निर्णय नं.७** का सम्बन्धमा छलफल गर्दा नापी टोली व्यवस्थापनका लागि रु.३०००००.०० तिन लाख रकम गत आ.व.को अल्या रकमबाट विनियोजित गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.८** का सम्बन्धमा छलफल गर्दा आधुनिक घट्ट सामान ढुवानीका लागि रु २०००००.०० गत आ.व.को अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९** का सम्बन्धमा छलफल गर्दा महिला सचेतना कार्यक्रम संचालन गर्न अन्तरपार्टी सञ्जाललाई रु ३०००००.०० गत आ.व.को अल्या बजेट रकमबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१०** का सम्बन्धमा छलफल गर्दा वडा नं.७ स्थित गुराको मन्दिर निर्माणका लागि रु ३०००००.०० गत आ.व.को अल्या पुजीगत बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११ का सम्बन्धमा छलफल गर्दा त्रिवेणी देखी भालुसम्मको मुलबाटो मर्मत संभारका लागि रु ७०००००।०० गत आ.व.को पुजीगत अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२ का सम्बन्धमा छलफल गर्दा नवज्योती प्रा.वि.रिडिगंको भवन निर्माणका लागि रु ३०००००.०० का गत आ.व.को अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१३ का सम्बन्धमा निलदह भो पू तटवन्धनका लागि रु १५००००.०० गत आ.व.को अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १४ का सम्बन्धमा छलफल गर्दा सिलगाढ खोला काठेपुल निर्माणका लागि रु २०००००।०० गत आ व को अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं..१५ का सम्बन्धमा छलफल गर्दा सुर घट्टेखोला काठेपुल निर्माणका लागि रु १५००००।०० गत आ.व.को पुजिगत अल्या बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो

निर्णय नं.१६ का सम्बन्धमा छलफल गर्दा मालुवा कुना तुइन निर्माणका लागि रु३०००००.०० गत आ.व.को अल्या पुजिगत बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१७ को सन्दर्भमा छलफल गर्दा कालिका प्रहरी चौकी कालिकाको लागि रु ५००००।०० रकम गत आ.व.को पुजीगत अल्या रकमबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१८ का सम्बन्धमा छलफल गर्दा महादेव मन्दिर निर्माण वडा नं.६ का लागि रु ३०००००।०० गत आ व को पुजीगत अल्या रकमबाट विनियोजन गर्ने निर्णय पारित गरियो

निर्णय नं १९ का सम्बन्धमा छलफल गर्दा रारा आधारभुत प्रावि को मञ्च निर्माणका लागि रु २०००००.०० गत आ व को अल्या पुजिगत बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २० को विषयमा छलफल गर्दा कालिका वडा नं.१ मा देवी मन्दिर निर्माणका लागि रु२०००००.०० गत आ.व.को अल्या पुजिगत बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो।

निर्णय नं.२१ का सम्बन्धमा छलफल गर्दा अन्नपुर्ण मा.वि.शर्मि मञ्च र फिल्ड निर्माण का लागि रु ६०००००.०० रकम गत आ.व. को अल्या पुजिगत बजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं २२ का सम्बन्धमा छलफल गर्दा छिमा खानेपानी कालिका वडा नं.२ निर्माण का
लागि रु ४०००००।०० गत आ.व.को पुजिगत अल्या रकमबाट विनियोजन गर्ने निर्णय
पारित गरियो ।

निर्णय नं २३ का सम्बन्धमा छलफल गर्दा हप्पुडाडा देखी नागटाला सडक निर्माण का लागि
रु ४०००००।०० गत आ.व.को पुजिगत अल्या रकमबाट विनियोजन गर्ने निर्णय पारित
गरियो ।

निर्णय नं.२४ का सम्बन्धमा छलफल गर्दा वडा कार्यालयको कार्यालय व्यवस्थापनका लागि
वडा नं. ४,५ र ६ का लागि रु ५०००० का दरले र अन्य ६ वटा वडालाई रु ३९५०० का
दरले गत आ.व. को पुजीगत वजेटबाट विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२५ का सम्बन्धमा छलफल गर्दा वडा न २ उल्लेखित गारापानी घेरावार तथा
बृक्षारोपण योजनामा रु १४००००० छुट्याईएकोमा वडा नं ३ मा सिमा घरेरवार तथा बृक्षा
रोपणमा ७००००० बाँकी रकम रु ७००००० गारापारी घेरावार तथा बृक्षा रोपण योजना
संशोधन गर्ने, वडा नं.८ मा छुट्याईएको ओक्ट लेकवस्ती हुँदै सिमलाग्ना ग्रामिण सडक
योजनालाई भिन्दुला देखी बाँझपाटन सम्म पर्यटन पदमार्ग योजना संशोधन गर्ने, एकुरे कुना
बृक्षारोपण वडा नं.२ लेखिएकोमा वडा नं. १ मा संशोधन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२६ का सम्बन्धमा छलफल गर्दा पाँचौ गाँउसभा बाट तर्जुमा भएका योजनाहरुमा
केही योजनाहरु अन्य निकायबाट योजना परि दोहोरो पर्न गएको र कुनै योजनाको
औचित्य कम भएकोले महादेव खोला मोटर बाटोमा छुट्याइएको रकम रु
२००००००.०० प्राविधिक सफ्टवोयर खरिदका लागि रु १०००००० र कर्मचारी
क्षमता विकासका लागि रु १०००००० रकम स्थान्तरण गर्ने । गाँउपालिका स्तरिय
योजनामा विनियोजन भयको शर्मि विद्युत पोल खरिद को रकम रु ३०००००००.००
इन्धन सवारी संचालनका लागि योजना संशोधन गर्ने, गाउँपालिका स्तरीय कार्य
क्रममा छुट्याइएको दैवी प्रकोपका लागि छुट्याईएको रु १००००००.०० दोहोरो पर्न
गएको देखिएकोले उक्त रकम टेलिफोन टावर भवन निर्माण र ढुवानीका लागि
विनियोजन गर्न संशोधन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २७ का सम्बन्धमा छलफल गर्दा पेश हुन आएको आ.व.२०७४।०७५ को
महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन वाचन गरी सुनियो । प्रतिवेदनमा उल्लेखित
नियमित गर्ने बेरुजु मध्ये वित्तिय समानिकरण चालु तर्फ खर्च भएको बेरुजु रकमलाई
गाँउपालिकाको भौगोलिक अवस्था, संचारमा असुविधा,कर्मचारीको
अभाव,गाँउपालिकामा हालसम्म एउटा पनि दर्तावाला पसलहरु नभएको, जिल्ला दररेट

भन्दा चलनचल्तीमा भएको दररेट महंगो भएको, ठुलो परिणाममा एकैचोटी सामान खरिद गर्न कठिनाई परेको र उक्त आ.व.मा घरी दुनैमा घरी गाँउपालिकामा वसी काम गर्नुपर्ने अवस्था जस्ता समस्याका कारण पुर्ण रुपमा प्रचलित ऐन नियम बमोजिम माथी उल्लेखित समस्याका कारण कावु वाहिरको परिस्थिति समेतका कारणबाट आर्थिक कारोवारमा केही कमी कमजोरी भएता पनि आगामी दिनमा सुधार गर्दै जान जिम्मेवार पदाधिकारीहरुलाई निर्देशन दिने गरी आ.व. २०७४।०७५ को चालु तर्फको कार्यालय सामान खर्च, विविध खर्च, इन्धन खर्च, कार्यक्रम खर्च, अनुगमन भ्रमण खर्च शिर्षकहरुको खरिद तथा भुक्तानीमा देखिएको बेरुजू रकमको खर्चलाई खर्च सर्मथन गर्ने र अन्य बेरुजु रकमलाई प्रचलित ऐन नियम बमोजिम गर्न निर्देशन दिने निर्णय पारित गरियो ।

**निर्णय नं. २८** का सम्बन्धमा छलफल गर्दा आर सी आई डब्लु कार्यक्रमका संयोजक बसन्त रोकायाले पेश गर्नु भएको कार्यक्रममा वडा नं १,२ र ३ मा तिमुरे चौरबाट औलसम्म ग्रामिण सडक, र आय आर्जन तर्फ वडा नं४ मा फेदीखोला लघु जलविद्युत पावरहाउस घेरवार, वडा नं ५ मा सुर गाँउबाट फुलुखोला सम्म घो वा मर्मत , वडा नं ६ मा नर्कुब ाट सुर सम्म बाटो मर्मत, वडा नं.७ मा दोचो कुना देखी पोरी वुन सम्म घो वा मर्मत, वडा नं.८मा जिमी देखी हरेल खोला सम्म घो वा मर्मत, वडा नं. ९ मा स्याउ नर्सरी स्थापना गर्ने योजना स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २९** का सम्बन्धमा छलफल गर्दा राष्ट्पति रनिगं सिल्ड संचालन गर्न अन्नपूर्ण मा वि शर्मिलाई जिम्मेवारी दिने र सोको तयारी गरी मिति तय गर्ने सोको सर्म्पुण व्यवस्थापन गर्ने जिम्मेवारी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ३०** का सम्बन्धमा छलफल गर्दा यस गाँउपालिका अन्तरगत आर्थिक विकास समितिको संयोजकमा कार्यपालिका सदस्य धनकुमारी बुढा  सामाजिक विकास समितिको संयोजकमा कार्यपालिका सदस्य गोपाल वि क, पुर्वाधार विकास समितिको संयोजकमा राम कुमार नेपाली वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजकमा कार्यपालिका सदस्य नन्द कुमारी शाही लेखा समितिको संयोजकमा कार्यपालिका सदस्य लक्ष्मी बुढा, सुशासन समितिको संयोजकमा कार्यपालिका सदस्य अजमति बोहोरालाई जिम्मेवारी दिने निर्णय पारित गरियो ।

**निर्णय नं ३१** का सम्बन्धमा छलफल गर्दा सामाजिक समावेशीकरण क्षमता विकास तर्फ छुट्याईएको बजेट रु २००००००.०० मध्ये सिलाई कटाई सिप विकास कार्यक्रम तर्फ

रु १५०००००.०० र फलाम सम्बन्धि घरेलु औजार कार्यक्रममा रु ५०००००.०० रकम विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ३२ का सम्बन्धमा छलफल गर्दा यस कार्यालयमा विगत लामो समय देखि कार्यरत करार कर्मचारीहरु रहेको आउँदो दिनमा पनि निजहरुको आवश्यकता गाँउपालिकालाई जरुरी भएको देखिएकोले लेखा सहायक माधव रोकाया, लेखा सहायक कमल ठकुल्ला र गा.वि.स.सहायक टंक हमाललाई गाँउपालिका आन्तरिक श्रोतबाट जनही मासिक रु १५०००।०० पन्ध्रहजार सेवा सुविधा पाउने गरी मिति २०७५।०६।२० देखी लागु हुने गरी र कार्यालय सहायोगी पदमा नवराज बोहोरा सिद्धि रोकाया र दिप बहादुर शाहीलाई मासिक रु १२०००।०० आन्तरिक श्रोतबाट सेवा सुविधा पाउने गरी मिति २०७५।०४।०१ देखी लागु हुने गरी करार नियुक्ति गर्ने र कार्यालय तर्फ रिक्त भएको पदमा पुर्णे बुढालाई नियमानुसारको तलव भत्ता पाउने गरी मिति २०७५।०४।०१ देखी लागु हुने गरी करार नियुक्ति गर्ने । क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतको मिति २०७५।०३।२५ को पत्रानुसार खटि आएको अ.न.मीं श्री सुशिला बुढालाई मिति २०७५।०६।२० देखि नियमानुसारको सेवा सुविधा पाउने गरी करार नविकारण गर्ने निर्णय गरियो । यस गा.पा.मा कर्मचारीहरुको अभाव भएको अवस्थामा कुनै कर्मचारी आउनलाई प्रमुख प्रशासकीय अधिकृतले सहमती दिन सक्ने तर सहायक स्तरका कर्मचारीलाई रमाना दिंदा गाँउपालिकाको निर्णय बमोजिम मात्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३** का सम्बन्धमा छलफल गर्दा महिला भवन वडा नं.२ हाल निर्माण सम्पन्न भई सकेको गत आ.व.मा कार्य सम्पन्न नभई पेश्की बाँकी रहेकोले बाकी रकम रु ३४००००। विनियोजन गर्ने निर्णय गरियो । भदाले खानेपानी आयोजना निर्माणका लागि रु ५०००००।०० पाँचलाख रुपैया विनियोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.३४** का सम्बन्धमा माथि उल्लेखित दैवी प्रकोपको रकममा रु २०००००.०० कालिका वडा नं.१ स्थित थारमारे खानेपानी योजनामा र बाँकी रकम रु ८०००००.०० टेलीफोन टावर स्थान्तरणका लागि विनियोजन गरी संशोधन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.३५** साविक कालिका वडा नं.१,२ र ३ मा विनियोजन गरिएको रु १५००००० लाई केन्द्रिय योजना परि दोहोरो पर्न गएकोले उक्त रकमलाई प्रतिवडा रु ५००००० विनियोजन गर्ने उक्त विनियोजन भएको रकम मा वडा नं. १ मा विद्युत मिटर वक्स खरिद रु २००००० र प्रतापटोल बाख्रा पालनका लागि रु ३००००० विनियोजन गर्ने र वडा नं. ३ मा छुट्याईएको बजेटबाट आधुनिक ग्यास चुला खरिदमा रु २०००००,

प्रतिघर मिटर वक्स खरिद रु २००००० र प्रतापटोल खानेपानीका लागि रु १००००० विनियोजन गरी संशोधन गर्ने निर्णय गरियो । वडा नं.४ मा विनियोजन भएको रु ३००००० बृक्षारोपण कार्यक्रमको रकमलाई आधुनिक ग्यास चुलो खरिदका लागि संशोधन गर्ने निर्णय पारित गरियो । वडा नं.२ मा छुट्याईएको रु ५०००००।०० मध्येमा प्रतिघर मिटर खरिदका लागि रु २००००० र चुर्मखोला घेरवारका लागि रु ३००००० विनियोजन गरी संशोधन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.३६** विगत लामो समय देखी यस गाँउपालिकाको केन्द्र सम्बन्धमा विवाद रही गाँउपालिकाे विकास निर्माणमा प्रत्यक्ष असर परेकोले विगतको गाँउसभाले गरेको निर्णयका विषयमा प्रदेश सरकार समक्ष भुगोल निरिक्षण टोली गठन गरी पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७** गाँउपालिका भवन निर्माण तथा १५ सैयाको हस्पिटल निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकारबाट बजेट व्यवस्था भएको सन्दर्भमा हाललाई टेन्टेटिभ स्टीमेट बनाई बजेट माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३८** आर सी आई डब्लु कार्यक्रम अर्न्तगत कार्यालय सहयोगी नियुक्तिकालागि कार्यक्रम संयोजकले पेश गरेको पर्वत बुढालाई र गाँउपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्ने गरी गाँउपालिका उपाध्यक्ष तथा न्यायिक समितिको कार्यालयको कामकाज गर्ने गरी मुड्केचुला ७ निवासी मसान्ती बुढालाई करारमा नियुक्ति गर्ने निर्णय पारित गरियो ।